# चिशंखुगढी गाउँपालिका

सेर्ना, ओखलढुंगा

# बजेट वक्तव्य

**आ.ब. २०७५।७६**

## गाउँसभाको बैठकमा गाउँपालिकाका उपाध्यक्ष श्री सुस्मीका राई ज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्य:

चिशंखुगढी गाऊँपालिका गाउँसभा उद्घाटन समारोहका सभाध्यक्ष ज्यू,

प्रमुख अतिथी, विशेष अतिथी, अतिथीज्युहरु, कार्यपालिका का सदस्यज्युहरु,
गाउँसभाका सदस्यज्युहरु

लगायत हाम्रो निमन्त्रणालाई स्वीकार गरी समारोहमा पाल्नुहुने सम्पुर्ण आमा वुवा दाजुभाई दिदिवहिनीहरु ,

१. सदियौंदेखि नेपाल एक स्वाधीन र सार्वभौमसत्तासम्पन्न मुलुकको रुपमा रही आएको छ ।लामो समयसम्मको आम नेपाली जनताको प्रतीक्षा, दश बर्षे जनयूद्ध, २०६२।६३को जनआन्दोलन, मधेश आन्दोलन, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भइ सकेर हाल कार्यान्वयनमा रहेको छ । अहिले हामी संविधानको सर्वस्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं । यो काम जटिल र चुनौतिपूर्ण रहेतापनि यसलाई नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन ।

२. आज म यस चिशंखुगढीगाउँपालिकाको यस गरिमामय सभामा आर्थिक वर्ष २०७५/०७६ को वार्षिक वजेट पेश गर्न उपस्थित छु । यस गौरवपूर्ण अवसरमा जनआन्दोलन, लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै, घाइते र वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

३. राजनैतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेको छौं । संविधान घोषणा भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक

राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीब्र आर्थिक विकास नै हो ।

४. वि.सं. २०७५ जेठ १५ गतेका दिन नेपालको अर्थमन्त्रीबाट आ.व. २०७५/७६ को वार्षिक बजेट प्रस्तुत भई ७५३ वटै स्थानीय तहहरुलाई विभिन्न अनुदान विनियोजन गरी वित्तीय हस्तान्तरण गर्ने कार्य भएको छ । साथै प्रदेश सरकार वाट समेत अनुदान प्राप्त भएको छ । संविधान बमोजिम स्थानीय विकास निर्माणका काम तत् तत् स्थानीय तहले नै छनौट र कार्यान्वयन गर्ने भएकोले स्थानीय तहलाई साधन सम्पन्न बनाइएको छ ।

५. यस गाउँपालिकाको प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानका उल्लिखित एकल र साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षणसम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय शासन सञ्चालन ऐन र नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु, अर्थ मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन, सहभागिता योजना तर्जुमा अनुरुप बस्ती/टोलस्तरबाट छनौट गरिएका आयोजना/कार्यक्रम, वडास्तरीय आयोजना/कार्यक्रमको प्राथमिकीकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी तयार गरिएको छ ।

६. देश विकासको गतिमा अगाडि लम्किरहेको भएतापनि यस चिशंखुगढी गाउँपालिका यातायात तथा सञ्चारबाट वञ्चित पहाडी क्षेत्रमा रहेको परिप्रेक्षमा जनताका जनप्रतिनिधिको आगमन सगै यस गाउँपालिकाले विकासको अनुभूति गर्ने अपेक्षा लिन सकिन्छ । प्राकृतिक सौन्दर्यता, सांस्कृतिक विविधता, मेहनती र

परिश्रमी जनता, भौगोलिक विशिष्टता र सौन्दर्यता यस गाउँपालिका समग्र ओखलढुंगाकै सम्पत्तिको रुपमा रहेको छ । कृषि, औषधिजन्य जडिबुटीहरु, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर सम्भावना बोकेको चिशंखुगढी गाउँपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा पछाडि नै परीरहेको छ । यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोच, दृढ संकल्प र सामुहिक इच्छाशक्ति साथ यस गाउँपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी यस गाउँपालिकाका जनताहरुको काँधमा आएको छ । त्यसैले विकसित र समृद्ध चिशंखुगढी गाउँपालिका निर्माण गर्न हामीलाई कुनै वहानाले छेक्नु हुँदैन । यस गाउँपालिकाको आर्थिक, सामाजिक तथा राजनैतिक विकास गरी स्थानीय जनतालाई विकासको अनुभूति दिलाउनु, यस गाउँपालिकालाई राष्ट्रिय राजमार्गमा जोड्नु, राज्यबाट प्रवाह हुने सेवा सुविधालाई जनताको घरदैलोमा पुऱ्याई जनतालाई राज्यको अनुभूति दिलाउनु मुख्य चुनौतिको रुपमा रहेको छ । यसैगरी यस गाउँपालिकाको आन्तरिक उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, औपचारिक अर्थतन्त्रको विकास गर्नु, संघीयता कार्यान्वयन गर्दै शासकीय क्षमता अभिवृद्धि गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

७. हाम्रा सामु विभिन्न चुनौतिहरु रहको भएता पनि विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्ष ०७५/०७६को बजेट तयार गरेको छु । यस बजेटका उदेश्यहरु यसप्रकार प्रस्तुत गरेको छु :

- संविधान कार्यान्वयनमा सहयोग गर्ने,
- आर्थिक, सामाजिक तथा राजनैतिक विकास गर्ने,
- विकासका पूर्वाधारहरुको विकास गर्ने,
- वातावरण संरक्षण गर्ने,
- राज्य तथा गाउँपालिकाद्वारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।

८. यी उदेश्यहरु हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहायबमोजिम निर्धारण गरेको छु :

- संघीयता कार्यान्वयन,
- उत्पादन र उत्पादकत्व वृद्धि,
- कृषिको आधुनिकीकरण र व्यवसायिकरण,
- रोजगारीका अवसरहरुमा वृद्धि,
- सहभागितामूलक योजना तर्जुमा,
- शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइमा लगानी,
- सडक तथा पुल निर्माण,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
- बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र व्यवस्थित सञ्चालन,
- वन तथा जलाधार संरक्षण,
- अत्यावश्यक उपभोग्य वस्तुहरुको सुदृढ आपूर्ति र वितरण प्रणाली,
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।

माननीय सभाध्यक्षज्यू,

९. अब म यिनै चुनौति, उदेश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वष २०७५/०७६ को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।वित्तिय समानीकरण तर्फको अनुदान रकम ६ करोड, ६० लाख, राजश्व वाडफाड वाट रु ५ करोड २ लाख , नेपाल सरकारवाट प्राप्त शर्शत अनुदान १३ करोड ७६ लाख, प्रदेश सरकार वाट वित्तिय समान्यीकरण अनुदान रु ३३ लाख ११ हजार, प्रदेश सरकारबाट प्राप्त सवारी साधन कर रु. २५ लाख १० हजार, र आन्तरीक आम्दानी २५ लाख गरी कुल जम्मा वजेट २६ करोड २१ लाख २१ हजार विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालुतर्फ रु. ५ करोड ८ लाख ७० हजार अर्थात १९.५ प्रतिशत र पूँजीगततर्फ शशर्त वाहेक रु ७ करोड ४३ लाख

२१ हजार अर्थात् ६०.५ प्रतिशत रहेको छ । नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको रकम १३ करोड ७६ लाख निर्देशित योजना तथा कार्यक्रममा नै विनियोजन भएको छ । गाँउपालिकाको चालु खर्च तथा वडाहरुको सम्पुर्ण चालु खर्च लक्षित कार्यक्रम, शिक्षा, स्वास्थ्य तथा अन्य विषयगत शाखाको कार्यक्रम समेत समावेश गरिएकोले चालु खर्चको अंश बढी देखिन गएको हो ।

**माननीय सभाध्यक्ष ज्यू,**

**१०)** . कुल बजेटमध्ये चालु खर्चतर्फ वडा कार्यालयहरुको लागि प्रत्येक वडामा ८ लाख ६५ हजारका दरले रु. ६९ लाख २० हजार, गाउँपालिकाको कार्यालयको लागि रु ४ करोड ३२ लाख ८० हजार विनियोजन गरेको छु । त्यसैगरी चालु खर्चतर्फ विषयगत शाखाको लागि रु. ३५ लाख, जनता स्वास्थ्य कार्यक्रका लागि रु १० लाख, शिक्षा तर्फ रु २५ लाख, लक्षित वर्ग क्षमता विकास कार्यक्रमका लागि रु ४५ लाख, महिला स्वयम सेविका प्रोत्साहन भत्ता रु. १३ लाख ५० हजार, न्यायीक समिति परिचालन खर्च १० लाख, दैवि प्रकोप उद्धार कोष रु ५ लाख विनियोजन गरेको छु । पुजिगत तर्फ केन्द्रिय विद्युत प्रसारणको लागि रु १ करोड ५ लाख, गाँउपालिका स्तरीय क्षेत्रिय सडक मर्मत तथा स्तर उन्नतीको ( कज वे निर्माण, ग्रावेल) लागि रु ५० लाख, गाउँपालिका स्तरीय खेलकुद विकास तर्फ रु १३ लाख , समपुरक कोष ४५ लाख, विद्यालय सुधार कार्यक्रम( नमुना विद्यालय) रु.१५ लाख सीमान्तकृत समुदायको जिविकोपार्जनको लागि रु ७ लाख, आवधिक योजना निर्माण रु १५ लाख, वडा नं. २ पोखरे र वडा नं ७ माथिल्लो माम्खाको वडा कार्यालय भवन निर्माणको लागि रु ४० लाख र कृषि व्यवसाय फर्म अनुदान सहयोगको लागि रु ७ लाख विनियोजन गरेको छु । साथै ८ वटा कार्यालयमा पुजिगत सिमा वडा नं १ कुईभिर रु ३६ लाख, वडा नं २ पोखरे रु ३२ लाख वडा नं. ३ दियाले रु ३६ लाख वडा नं ४ रातमाटे रु ३६ लाख वडा नं ५ सेर्ना ३६ लाख वडा नं ६ भदौरे ३७ लाख वडा नं ७ माथिल्लो माम्खा ३२ लाख र वडा नं ८ तल्लो माम्खा ३५ लाख गरी जम्मा रु २ करोड ८० लाख विनियोजन गरेको छु ।

११. आगामी आर्थिक वष ०७५/०७६ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकार राजस्व वाडफाडबाट रु.५ करोड २ लाख ८९ हजार, वित्तीय समानीकरण अनुदानबाट रु. ६ करोड ६० लाख, सशर्त अनुदानबाट रु. १३ करोड ७६ लाख,  सामाजिक सुरक्षा कार्यक्रम बाट रु. ३ करोड ४९ लाख , प्रदेश सरकार वित्तिय समान्यीकरण ३३ लाख ११ हजार, प्रदेश सरकारबाट प्राप्त सवारी साधन कर २५ लाख १० हजार, चिशंखुगढी गाउँपालिकाको आन्तरिक आम्दानी रु २५ लाख  हुनेछ ।

**माननीय सभाध्यक्षज्यू,**

१२. पहाडी विकट जिल्लामा रहेको यस चिशंखुगढी गाउँपालिकामा आर्थिक गतिविधिले गति लिन नसकेको र जनतामा कर लिने बानीको विकास भैनसकेको अवस्थामा जनतामा कर तिर्ने बानीको विकास गराइ रु. २५ लाख कर राजस्व आर्जन गर्ने लक्ष्य रहेको छ । यसको लागि यस क्षेत्रमा उपलब्ध स्थानीय श्रोत साधनको अधिकतम परिचालन गरी आर्थिक गतिविधिमा वृद्धि गरिनेछ, व्यापारिक गतिविधिमा वृद्धि गरिनेछ, करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ ।

१३. प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्षज्यूहरु लगायत वडा समितिहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका साथीहरु, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरु लगायत सम्पूर्ण चिशंखुगढी गाउँपालिका निवासी जनता साथै देश विदेशमा रहनु भएका नेपाली दिदीबहिनी, दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१४. अन्त्यमा, यस चिशंखुगढी गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्‍याउने चिशंखुगढी गाउँपालिकाका नागरिक, करदाता, चिशंखुगढी गाउँपालिकाको हित र समुन्नतिमा कार्यरत सबै विकास साझेदार,

सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र सञ्चार माध्यम प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

१५. समस्याहरु धेरै छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं ।

धन्यवाद !

सुस्मिका राई
उपाध्यक्ष
चिशंखुगढी गाउँपालिका

निशान्त शर्मा
अध्यक्ष